# सहिदभूमि गाउँपालिकाको दोस्रो गाउँसभाको नवौं अधिवेशनको पहिलो बैठकमा २०८३ साल जेष्ठ २९ गते शुक्रवार अध्यक्ष श्री मनोज राईद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

सहिदभूमि गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पिप्ले, धनकुटा

कोशी प्रदेश, नेपाल

**उपस्थित गाउँसभा सदस्यज्यूहरू,**

सहिदभूमि गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सहिदभूमि गाउँपालिकाको दोस्रो गाउँसभाको नवौं अधिवेशनको प्रथम बैठकमा सम्मानित सभाध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू समक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्तै हर्षित तथा गौरवान्वित भएको छु।

सर्वप्रथम, म विभिन्न कालखण्डमा देश र जनताको अधिकार, लोकतन्त्र, स्वतन्त्रता तथा समृद्धिका लागि सञ्चालित विभिन्न लोकतान्त्रिक जनआन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गरी सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उच्च सम्मान व्यक्त गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक शासन प्रणाली, समावेशिता, समानता र सामाजिक न्यायको मर्मलाई आत्मसात गर्दै स्थानीय स्वशासन, नागरिक सहभागिता तथा दिगो विकासलाई प्रवर्धन गर्ने उद्देश्यका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। सीमित स्रोत-साधनको उच्चतम उपयोग गरी जनअपेक्षा सम्बोधन गर्ने, संविधानप्रदत्त अधिकारहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने तथा नतिजामुखी विकासलाई प्राथमिकतामा राख्ने नीति अवलम्बन गरिएको छ। यस नीति तथा कार्यक्रम निर्माणमा अमूल्य सुझाव प्रदान गर्नुहुने गाउँवासी, जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**गाउँसभा सदस्यज्यूहरू,**

यस नीति तथा कार्यक्रम तयार गर्दा मैले मुख्य आधारको रूपमा निम्न दस्तावेजहरूलाई आधार मानेको छु।

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६,
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७,
- कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०,
- कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना,
- नेपालको १६ औं पञ्चवर्षीय योजना,
- दिगो विकास लक्ष्य (SDGs) तथा राष्ट्रिय लक्ष्यहरू,
- राष्ट्रिय जनगणना २०७८ का तथ्याङ्क तथा निष्कर्षहरू,
- गाउँपालिकाको विगतका नीति, कार्यक्रम, बजेट तथा प्रगति समीक्षा प्रतिवेदनहरू,
- गाउँपालिकाको वस्तुस्थिति विवरण (Profile) तथा तथ्याङ्क,
- वडा तहबाट प्राप्त योजना, सुझाव तथा प्राथमिकताहरू ,
- राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत विषयगत समितिहरूका सुझावहरू,
- राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी संस्था, महिला, दलित, आदिवासी जनजाति, युवा तथा अन्य सरोकारवालाहरूबाट प्राप्त सुझावहरू ,
- स्थानीय आवश्यकता, सम्भावना, स्रोत-साधन र जनअपेक्षाहरू,
- सङ्घ तथा प्रदेश सरकारका नीति, कार्यक्रम, बजेट र कानुनी व्यवस्थाहरू,

**गाउँसभा सदस्यज्यूहरू,**

अब म यस सहिदभूमि गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ २० गतेसम्म हासिल गरेका मुख्य-मुख्य उपलब्धिहरू प्रस्तुत गर्न चाहन्छु।

## आर्थिक विकास

### कृषि

**क.** ५० प्रतिशत अनुदानमा ६४५ पकेट गोलभेडा र ४७० पकेट खुर्सानीको बिउ ३७ कृषक समूह तथा कृषि सहकारी संस्थामार्फत वितरण, ५० प्रतिशत अनुदानमा ८३ थान इलेक्ट्रिक चार्जर स्प्रेयर ३१ कृषक समूह तथा कृषि सहकारी संस्थालाई उपलब्ध गराइएको छ।

**ख.** माटोको उर्वराशक्ति सुधारका लागि ७५ प्रतिशत अनुदानमा ९०० के.जी. कृषि चुन १२ कृषक समूह तथा सहकारी संस्थालाई वितरण, मकैबालीमा फौजी किराको नियन्त्रणका लागि ४,३४७ पकेट किटनाशक विषादी प्रभावित क्षेत्रमा वितरण गरिएको छ ।

**ग.** कृषि घुम्ती शिविर कार्यक्रममार्फत काक्रा, घिरौला, मुला र करेलाका मिनिकिट बिउ निःशुल्क वितरण र ४ वटा तरकारी पकेट विकास कार्यक्रम कार्यान्वयन गरिएको छ।

### पशुपन्छी विकास

**क.** १३० घरधुरीका किसानहरूलाई हिउँदे जै घाँस बिउ वितरण गरिएको छ।

**ख.** सात वटै वडाका ३३६ घरधुरीका ४४८ कुकुर बिरालोलाई रेबिज विरुद्धको खोप सञ्चालन र एकीकृत पशु स्वास्थ्य घुम्ती शिविर

कार्यक्रममार्फत ३८८ घरधुरीले औषधी तथा उपचार सेवा प्रदान गरिएको छ ।

**ग.** पशु सेवा केन्द्र, थलथलेबाट नियमित रूपमा पशुपन्छीका लागि अत्यावश्यक औषधी वितरण तथा उपचार सेवा सञ्चालन भइरहेको छ। यस केन्द्रमार्फत हालसम्म ५,३७५ पशुपन्छीका लागि औषधी वितरण तथा उपचार गरिएको छ।

**घ.** व्यावसायिक फर्म प्रवर्धन कार्यक्रम अन्तर्गत ७ वटा बाख्रा गोठ, २ वटा गाई भैंसी गोठ र १ बङ्गुर फर्म निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

**ङ.** ५,००० गाई भैंसीमा खोरेत विरुद्धको खोप र २०,००० बाख्रामा पिपिआर विरुद्धको खोप कार्यक्रम र कृषकस्तर स्थलगत ३ दिने बाख्रापालन तालिम सञ्चालन भएको छ ।

## सामाजिक विकास

### स्वास्थ्य

**क.** आ.व. २०८२/०८३ मा स्वीकृत ४५ कार्यक्रममध्ये ३२ वटा कार्यक्रम सम्पन्न भई १३ वटा कार्यक्रम कार्यान्वयनको चरणमा रहेका छन्।

**ख.** उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी पोषण एवम् प्रोत्साहन खर्च कार्यक्रमबाट ४७ जना लाभान्वित भएका छन्।

**ग.** जेष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरीका लागि एम्बुलेन्स खर्च शीर्षकबाट ६ जनाले सेवा प्राप्त गरेका छन्।

**घ.** आँखा स्क्रिनिङ्ग कार्यक्रममार्फत ७४ जनाको निःशुल्क मोतीबिन्दु शल्यक्रिया तथा १५८ जनालाई चस्मा वितरण, १८ दीर्घरोगीलाई उपचार सहायता, १,५७१ किशोरीलाई आइरन-फोलिक एसिड वितरण,

१,९४६ बालबालिकालाई भिटामिन ए र १,७५६ बालबालिकालाई जुकाको औषधी, ११,४९२ जनाले ओपीडी सेवा प्राप्त गरेका छन्।

**ङ.** राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत ०-१५ महिनासम्मका १७२ बालबालिकाले पूर्ण खोप र स्वास्थ्य संस्थामा निःशुल्क औषधी खरिद तथा वितरण गरिएको छ ।

## आयुर्वेद

यस गाउँपालिकाको छिन्ताङ आयुर्वेद औषधालयमार्फत निम्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्–

क. आयुर्वेद औषधी खरिद, विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम, ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्धन सेवा कार्यक्रम तथा स्तनपायी आमालाई दुग्धवर्द्धक जडीबुटीजन्य औषधी वितरण, पञ्चकर्म, पूर्वकर्म (स्नेहन/स्वेदन) कार्यक्रम सम्पन्न र नागरिक आरोग्य कार्यक्रम सञ्चालन भै रहेको छ।

## शिक्षा

**क.** शिक्षक मेन्टरिङ पद्धति र गणित र विज्ञान विषयको विषयगत क्षमता विकास तालिम , ReAL Plan कार्यक्रम र शिक्षा क्षेत्रको योजना २०७८-२०८७, अध्यावधिक तथा नवीकरण, गाउँपालिकास्तरीय र जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ ।

**ख.** विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न तथा आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन गर्न तथ्याङ्क सङ्कलन गरिएको छ।

**ग.** कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि अङ्ग्रेजी, गणित र विज्ञान विषयको एक महिने कोचिङ कक्षा सञ्चालन भएको छ।

**घ.** विद्यालयहरूमा भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार तथा घेरबार र शिक्षक/कर्मचारीहरूको मासिक तलब भत्ता निकासा गर्ने व्यवस्था गरिएको छ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**क.** बालअधिकार र बाल सहभागितालाई संस्थागत गर्न ७ वटै वडामा वडा स्तरीय बाल सञ्जाल तथा पालिकास्तरीय बाल सञ्जाल गठन गरिएको छ। १४८ जना ज्येष्ठ नागरिक र ३५ जना अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य परीक्षण गरी सम्मान गर्नुको साथै ज्येष्ठ नागरिकहरुलाई सिरक तथा आवश्यक सामग्री वितरण गरिएको छ।

**ख.** लैङ्गिक समानता, हिंसा न्यूनीकरण तथा किशोर-किशोरी स्वास्थ्य सचेतना, लैङ्गिक हिंसा, घरेलु हिंसा, कानुनी सचेतना, प्रजनन स्वास्थ्य र पोषण सम्बन्धी विभिन्न प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

## उद्यम विकास

**क.** नयाँ उद्यमी सृजनातर्फ लक्षित वर्गका लागि सहभागितामूलक ग्रामीण लेखाजोखा कार्यक्रम, फारम ए र फारम बी भरी समूह गठन उद्यमशिलता विकास र सीप विकास तालिम सम्पन्न गरिएको छ।

**ख.** लघु उद्यमी समूहको मासिक बैठकको लागि सहजकर्ताबाट अनुगमन तथा बैठक सञ्चालनमा सहयोग, उद्यमीहरुलाई प्रविधि हस्तान्तरण र स्तरउन्नतिका लागि १० दिने बाँसबाट विभिन्न सामग्री उत्पादन गर्ने क्षमता विकास तालिम दिइएको छ ।

## राष्ट्रिय रोजगार प्रवर्धन तथा सामी कार्यक्रम

**क.** चालु आर्थिक वर्ष २०८२/०८३ मा सूचीकृत बेरोजगारहरूको सङ्ख्या जम्मा १६६८ जना रहेकोमा ५१ जनालाई ८८ दिनको रोजगारी प्रदान गरिएको छ।

**ख.** राष्ट्रिय रोजगार प्रवर्धन अन्तर्गत सशर्त अनुदान तथा गाउँपालिकाको साझेदारीमा सञ्चालित जम्मा १५ वटा आयोजना सम्पन्न भएका छन्।

**ग.** राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत सशर्त अनुदानतर्फका ६ वटा कार्यक्रम सम्पन्न भएका छन्।

**घ.** विद्यालयमा मनोपरामर्श कार्यक्रम र समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी कार्यक्रम सञ्चालन गरिएका छन् । साथै, विषयगत शाखा प्रमुखसँग  वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएका छन् ।

## सहकारी

सहकारी शाखाअन्तर्गत सहकारी संस्थाहरूलाई आधारभूत व्यवस्थापन तालिम, अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण

प्रथम त्रैमासिकमा २३२७ जना, दोस्रो त्रैमासिकमा २३२७ जना र तेस्रो त्रैमासिकमा २३३२ जनालाई सामाजिक सुरक्षा भत्ता बापत कुल जम्मा रु. ७ करोड १८ लाख ६८ हजार ४ सय १९  वितरण गरिएको छ।

## व्यक्तिगत घटना दर्ता

जन्मदर्ता ४२४, मृत्यु दर्ता २३१, सम्बन्ध विच्छेद दर्ता ३५, विवाह दर्ता १९७ र बसाइँसराइ गरी आएका परिवार सङ्ख्या १० र बसाइँसराइ गरी गएका परिवार सङ्ख्या ६५ रहेको छ।

## पूर्वाधार विकास

**क.** चालु आर्थिक वर्ष २०८२/०८३ मा **गाउँसभा सदस्य विकास कार्यक्रम** अन्तर्गत ३७ वटा आयोजनाहरू सम्झौता भएकोमा २६ वटा आयोजना सम्पन्न भएका छन् भने बाँकी ११ वटा आयोजनाहरू कार्यान्वयनको अन्तिम चरणमा रहेका छन्।

**ख.** त्यस्तै **गाउँसभा सदस्य विकास कार्यक्रम अन्तर्गतको फुसको छानो हटाइ टिनको छानो लगाउने कार्यक्रममा** जम्मा १८ जना छनोट भइ लाभग्राहीहरूको टिनको छानो निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

**ग.** साना सिँचाइ कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा सञ्चालित २ वटा आयोजना सम्पन्न हुने चरणमा रहेका छन्।

**घ.** **सहिदभूमि गाउँपालिकाका अन्य सडक, सिँढी तथा पदमार्ग निर्माण आयोजना** अन्तर्गत विनियोजन भएका ६ वटा कार्यक्रममध्ये २ वटा सम्पन्न भएका छन् भने बाँकी कार्यक्रमहरू कार्यान्वयनको अन्तिम चरणमा रहेका छन्।

**ङ.** **सडक पूर्वाधार, भवन तथा सहरी विकास र खानेपानी शीर्षकमा विनियोजन** भएका ८० वटा आयोजनामध्ये ४१ वटा आयोजना सम्पन्न भएका छन् भने बाँकी ३९ वटा आयोजनाहरू कार्यान्वयनको अन्तिम चरणमा रहेका छन्।

**च.** ल्याण्ड फिल्ड साइट, पञ्चकन्या कोग्लाङ्ग सडक सम्पन्न भइसकेको छ भने छिन्ताङ कागुने स्वास्थ्य चौकी भवन निर्माण कार्यको भौतिक प्रगति ५० प्रतिशत रहेको छ।

**छ.** सुकेआहाल–माम्फिङ–माम्तिन सडक ५० प्रतिशत र पिप्ले लुघोङ जिसु राइघाट सडकको ५० प्रतिशत कार्य सम्पन्न भएको छ।

## न्यायिक समिति

**क.** २८ जना मेलमिलापकर्ताहरुलाई सूचीकृत मेलमिलापकर्ताको रुपमा दर्ता गरी विभिन्न अन्तर्क्रिया र पुनर्ताजगी तालिम सञ्चालन गरिएको छ।

**ख.** चालु आर्थिक वर्ष २०८२/०८३ मा दुइ वटा उजुरी दर्ता भएकोमा एउटा उजुरी मेलमिलापको माध्यमद्वारा समाधान गरिएको छ र न्यायिक समिति तथा विवाद समाधानका लागि अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएका छन्।

## विपन्नसँग अध्यक्ष कार्यक्रम

**क.** यस गाउँपालिकामा रहेका विपन्न व्यक्ति तथा समुदायको विपन्नता न्यूनीकरण गर्दै उनीहरूको क्षमता विकास, उद्यमशीलता तथा स्वरोजगार प्रवर्धन गर्ने उद्देश्यले विपन्नसँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिएको छ।

**ख.** उक्त कार्यक्रमअन्तर्गत ४ पाङ्ग्रे हलुका सवारी तालिमहरू सञ्चालनको प्रक्रियामा रहेको छ ।

## राजस्व शाखा

**क.** चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ २० गतेसम्म कुल सङ्कलित राजस्व ४४ लाख ६५ हजार ६ सय ११ रुपैयाँ रहेको छ।

**ख.** यस आर्थिक वर्षमा १७ वटा व्यवसाय दर्ता गरिएको छ र ४८ वटा व्यवसाय नवीकरण गरिएको छ।

**ग.** आन्तरिक आयको लागि ठेक्का अन्तर्गत रु १,८६,७३५ रकम बराबरको सम्झौता भएको छ।

## आगामी आर्थिक वर्ष २०८३/०८४ का प्रमुख कार्यक्रमहरू

**गाउँसभा सदस्यज्यूहरू,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ मा समावेश हुने मुख्य–मुख्य कार्यक्रमहरू प्रस्ताव गर्न चाहन्छुः

**क.** आर्थिक वर्ष २०८३/०८४ मा गाउँसभा सदस्य विकास कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ र अधुरा आयोजनाहरु सम्पन्न गरिनेछ।

**ख.** विपन्नसँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

**ग.** आर्थिक सबलीकरणका लागि कृषक आत्मनिर्भर कार्यक्रम सञ्चालन गरिनेछ।

**घ.** स्वास्थ्य, शिक्षा, कृषि तथा पशुपन्छी, भौतिक पूर्वाधार, पर्यटन, सूचना प्रविधि लगायतका क्षेत्रमा संरचनाहरूको निर्माण तथा स्तरोन्नतिमा जोड दिइनेछ।

**ङ.** लगानीको सम्भावित क्षेत्रको पहिचान गरी सार्वजनिक निजी साझेदारी तथा निजी क्षेत्रको लगानीमार्फत परियोजना विकास र कार्यान्वयनका लागि जोड दिइनेछ ।

**च.** रोजगारी सिर्जना हुने कार्यक्रम र विषयगत शाखातर्फ सन्तुलित रूपमा बजेट विनियोजन गरिनेछ।

**छ.** ह्युमन प्राक्टिस फाउण्डेसन (HPF) सँगको सहकार्यमा विद्यालय पूर्वाधार निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**सभाध्यक्षज्यू,**

**उपस्थित गाउँसभा सदस्यज्यूहरू,**

यस सम्मानित गाउँ सभामा **“सहिदभूमिको समृद्धिः शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि”** भन्ने मुख्य उद्देश्यसहित समग्र सहिदभूमि गाउँपालिकाका क्षेत्रगत नीतिहरू प्रस्तुत गर्न चाहन्छु।

## अवलम्बन गरिएका मूल नीतिहरू

**क.** स्थानीय आवश्यकता, प्राथमिकता र समन्यायिक विकासका आधारमा योजना छनोट तथा कार्यान्वयन गरिनेछ।

**ख.** सुशासन, सामाजिक न्याय, समावेशी विकास तथा दिगो विकास लक्ष्य (SDGs) को स्थानीयकरणलाई योजना तथा कार्यक्रमको मूल आधार बनाइनेछ।

**ग.** गौरवका आयोजना तथा गाउँपालिकाको स्रोतले नधान्ने ठूला योजनाहरू सङ्घ र प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा सञ्चालन गरिनेछ।

**घ.** रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्धन, सीप विकास तथा गरिबी न्यूनीकरणमा योगदान पुग्ने कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिइनेछ।

**ङ.** बजेट सीमाभित्र रही क्षेत्रगत प्राथमिकताका आधारमा योजना छनोट गरी खरिद योजना तयार गर्दै समयमै सम्झौता तथा कार्यान्वयन सुनिश्चित गरिनेछ।

**च.** अधुरा पूर्वाधार आयोजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्दै असार १५ भित्रमा योजना सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ।

**छ.** योजना तथा कार्यक्रमको प्रतिफल र लाभको समन्यायिक वितरण सुनिश्चित गर्दै दिगो, उत्तरदायी र परिणाममुखी विकासलाई प्रवर्धन गरिनेछ। योजनाबद्ध, पारदर्शी र समन्यायिक विकासमार्फत दिगो समृद्धि हासिल गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु,**

१. कृषक सेवा विस्तार, प्लान्ट क्लिनिक, माटो परीक्षण तथा विशेषज्ञ परामर्श सेवा उपलब्ध गराइनेछ।

२. कृषिलाई आधुनिक, व्यावसायिक र यान्त्रीकृत बनाउँदै निर्वाहमुखी कृषिलाई बजारमुखी उत्पादन प्रणालीमा रूपान्तरण गरिनेछ।

३. कृषि इकोसिस्टम विकासमार्फत युवाको आकर्षण बढाउन भूमि, बीमा, बजार र लगानीसँग जोडिएको समग्र कृषि प्रणाली विकास गरिनेछ।

४. उत्पादनशीलता वृद्धि र लागत घटाउन कृषि यन्त्र, बिउ, मल तथा अन्य सामग्रीमा लागत साझेदारीमा अनुदान र कृषि यान्त्रीकरणसम्बन्धी तालिम सञ्चालन गरिनेछ।

५. सिँचाइ, कृषि सडक, विद्युत र प्रविधि विस्तार मार्फत कृषि पूर्वाधार सुदृढ गर्दै उत्पादन वृद्धि र सहज पहुँचको सुनिश्चितता गरिनेछ।

६. जैविक तथा प्राङ्गरिक खेती प्रवर्धन गर्दै रासायनिक विषादीको प्रयोग न्यूनीकरण गरी दिगो कृषि प्रणाली विकास गरिनेछ।

७. उच्च मूल्यका कृषि तथा जडीबुटी उत्पादन विस्तार (सुन्तला, एभोकाडो, कफी, अदुवा, टिम्मुर, अकबरे खुर्सानी, रुद्राक्ष, कोगटी, कपास आदि) लाई विशेष प्राथमिकता दिइनेछ। एक पकेट-एक उत्पादन कार्यक्रम र रैथाने खोकु स्थानीय जातको सुन्तलाको प्रवर्धन गरिनेछ।

८. कृषक क्षमता विकास, बीमा र जोखिम न्यूनीकरणका लागि तालिम, कृषि तथा बाली बीमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। बजार पहुँच, प्रोत्साहन र मूल्य श्रृङ्खला विकासका लागि कृषि मेला, हाटबजार, भण्डारण तथा प्रशोधन पूर्वाधार विस्तार गर्दै उत्कृष्ट कृषक, सहकारी र समूहलाई प्रोत्साहन गरिनेछ।

९. घरदैलो पशु सेवा विस्तारका लागि "गोठ गोठमा पशु सेवा, किसानको घरदैलोमै टेवा" कार्यक्रममार्फत नियमित पशु उपचार, घुम्ती शिविर तथा आधारभूत पशु स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।

१०. पशु स्वास्थ्य, खोप तथा रोग नियन्त्रणलाई प्रभावकारी बनाउन रेबिज, लम्पी स्किन लगायत सरुवा रोग नियन्त्रणका लागि निःशुल्क खोप, औषधी तथा नियमित पशु स्वास्थ्य सेवा प्रदान गरिनेछ।

११. पशु बीमा तथा आर्थिक सुरक्षा सुनिश्चित गर्न कृषक/समूह/फार्ममा रहेका गाई, भैंसी लगायत पशुपन्छीको निःशुल्क बिमा कार्यक्रम सञ्चालन गरिनेछ। व्यावसायिक पशुपालन र आयआर्जन वृद्धि गर्न गाई, भैंसी, बाख्रा, बङ्गुर, कुखुरा तथा माछापालनलाई युवा लक्षित कार्यक्रममार्फत प्रोत्साहन गरिनेछ।

१२. उत्पादन र उत्पादकत्व वृद्धि गर्न पशु नश्ल सुधार, उन्नत जात विकास, उन्नत घाँस-चारो उत्पादन तथा पशु आहारा विकास कार्यक्रम सञ्चालन गरिनेछ। दूध तथा पशुजन्य उत्पादनको बजार व्यवस्थापनका लागि चिस्यान केन्द्र, व्यवस्थित वधशाला तथा गुणस्तरीय बजार प्रणाली विकास गरिनेछ।

१३. पशुपालन सेवा सुदृढीकरण र पूर्वाधार विकासका लागि पशु स्वास्थ्य घुम्ती सेवाको निरन्तरता, आधारभूत प्रयोगशालाको स्थापना, सीप विकास तालिम तथा लागत साझेदारीमा आधुनिक पशु गोठ निर्माण कार्यक्रम सञ्चालन गरिनेछ।

१४. व्यावसायिक पशुपालन, उन्नत पशु स्वास्थ्य र बजार व्यवस्थापनमार्फत कृषकको आय वृद्धि तथा आत्मनिर्भरता हासिल गरिनेछ।

१५. सहिदभूमि गाउँपालिकामा बोलिने वान्तवा राई, छिन्ताङ्गे राई र छिलिङ्ग राई भाषालाई स्थानीय सरकारी कामकाजको भाषाका रूपमा विकास गर्न आवश्यक नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ । साथै आदिवासी जनजातिको परम्परागत ज्ञान, सीप, कला, संस्कृति र लोपोन्मुख भाषा-धर्मको संरक्षण तथा प्रवर्धन गरिनेछ।

१६. गाउँपालिका भित्रका किरात राई समुदायका परम्परागत सांस्कृतिक घरहरूको लगत सङ्कलन गरी संरक्षण गरिनेछ तथा विभिन्न जातजातिका भाषा, साहित्य, संगीत र सांस्कृतिक सम्पदाको विकासमा सहयोग गरिनेछ।

१७. सम्भावित पर्यटकीय क्षेत्रहरूको पहिचान गरी गुरुयोजना निर्माण गर्दै निजी क्षेत्रसँगको सहकार्यमा प्राकृतिक, सांस्कृतिक, कृषि तथा मनोरञ्जनात्मक पर्यटन प्रवर्धन गरिनेछ।

१८. छिन्ताङ देवी मन्दिर, घुमाउने डाँडा, पाताल डाँडा, खुवालुङ र चेप्लुङ पार्क लगायतका स्थलहरूको संरक्षण, स्तरोन्नति र सरसफाइ गर्दै आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ।

१९. खुवालुङ-चेप्लुङ पदमार्ग निर्माणलाई निरन्तरता दिँदै होमस्टे सञ्चालन, तालिम, कृषि पर्यटन, बिउ पूँजी तथा सामुदायिक साझेदारीमार्फत वातावरणमैत्री र दिगो पर्यटन विकासलाई प्रवर्धन गरिनेछ।

२०. व्यवसाय दर्ता तथा नवीकरण कार्य वडा कार्यालयबाट नै गर्ने व्यवस्था मिलाइनेछ । साथै गाउँपालिकाबाट स्थायी लेखा नम्वर (PAN) प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

२१. स्थानीय स्रोत, सीप र कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगहरूको विकास र विस्तारमा प्रोत्साहन तथा सहुलियत प्रदान गरिनेछ।

२२. औद्योगिक ग्राम, साझा सुविधा केन्द्र र कोसेली घर स्थापना गर्दै उद्यमीहरूको आत्मनिर्भर सीप, क्षमता विकास र प्रविधि सुधारका लागि अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

२३. स्टार्टअप तथा नवप्रवर्तनशील उद्यमलाई वित्तीय पहुँचमार्फत प्रवर्धन गर्दै रोजगारी सिर्जना गर्ने र वातावरणमैत्री उद्योगलाई प्राथमिकता दिइनेछ।

२४. राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रममार्फत युवा श्रमशक्तिको सीप विकास, रोजगार, स्वरोजगार तथा उद्यमशीलता प्रवर्धन गरी उत्पादनशील र मर्यादित रोजगारीका अवसर विस्तार गरिनेछ।

२५. स्थानीय श्रमशक्तिको क्षमता अभिवृद्धि गर्दै श्रमप्रतिको सम्मान, समान अवसर र श्रम बजारमा रहेको भेदभाव न्यूनीकरणमार्फत आयआर्जन तथा स्थानीय अर्थतन्त्र सुदृढीकरणमा जोड दिइनेछ।

२६. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषणमुक्त बनाउन सूचना, अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै फर्किएका श्रमिकहरूको लागि सीप, पूँजी र अनुभवलाई उद्यमशीलता तथा पुनःएकीकरणमा उपयोग गरिनेछ।

२७. बालश्रम, बाध्यकारी श्रम तथा श्रम शोषण अन्त्यका लागि सचेतना, सहकार्य र प्रभावकारी कार्यान्वयनमा जोड दिँदै श्रम परिचालन सम्बन्धी कार्यलाई व्यवस्थित गरिनेछ। सहकारी क्षेत्रलाई आर्थिक तथा सामाजिक विकासको आधारस्तम्भका रूपमा सुदृढ गर्दै उत्पादन, सेवा र उद्यमशीलतासँग आबद्ध गरिनेछ।

२८. सहकारीहरूको संस्थागत क्षमता, समावेशी पहुँच, सुशासन, अनुगमन तथा नियमनलाई प्रभावकारी बनाइनेछ। आधारभूत शिक्षाको हक सुनिश्चित गर्न विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याइनेछ र बालबालिकाका लागि टिकाउ, सिकाउ र बिकाउ नीति अवलम्बन गरिनेछ।

२९. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै कक्षा ४ देखि कक्षा ८ सम्मका विद्यार्थीका लागि पाठ्यपुस्तक लेखन, छपाइ र

वितरण गरिनेछ। स्थानीय धर्म, कला, सीप र संस्कृतिको संरक्षण गरिनेछ।

३०. वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक र रोजगारमूलक शिक्षामार्फत सृजनशील, प्रतिस्पर्धी र राष्ट्रहितमा समर्पित जनशक्ति उत्पादन गर्ने नीति लागु गरिनेछ।

३१. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, अपाङ्गमैत्री संरचना निर्माण तथा प्रविधिमैत्री शिक्षा र डिजिटल कक्षा सञ्चालनलाई प्रोत्साहन गरिनेछ।

३२. अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाइको अभिन्न अङ्ग बनाउँदै विद्यार्थीको प्रतिभा पहिचान र समग्र विकासमा जोड दिइनेछ । साथै उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालयलाई प्रोत्साहन गरिनेछ।

३३. शिक्षक तथा कर्मचारीहरूको क्षमता विकास तालिम, अनुगमन, कार्यसम्पादन करारमार्फत शिक्षा प्रणालीलाई गुणस्तरीय, जवाफदेही र प्रभावकारी बनाइनेछ। अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्दै बालबालिकाको नियमितता, सिकाइ उपलब्धि र विद्यालय उपस्थिति दरमा वृद्धि गरिनेछ । न्यानो लुगा वितरणजस्ता प्रोत्साहनमूलक कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ।

३४. "राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद" भन्ने नाराका साथ प्रत्येक वडामा खेलमैदान व्यवस्थापन गर्दै गाउँपालिकास्तरीय व्यवस्थित खेलमैदान निर्माणका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

३५. आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरूमा उमेर समूहगत खेलकुद कार्यक्रम सञ्चालन गरी प्रतिभा पहिचान गरिनेछ । छनोट भएका खेलाडीलाई आवश्यक प्रशिक्षणको व्यवस्था मिलाउनुका साथै

राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरका खेलाडीहरूको अभिलेख राखी पुरस्कार र प्रोत्साहन प्रदान गरिनेछ।

३६. खेल प्रशिक्षकको व्यवस्था गरी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय खेलकुद क्लबहरूलाई प्रोत्साहन गर्दै प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था र खेलकुद सामग्री वितरणमार्फत अनुशासित र स्वस्थ नागरिक निर्माण गरिनेछ।

३७. सबै वडामा खोप सेवाको पहुँच विस्तार गर्दै पूर्णखोप सुनिश्चितता तथा दिगोपनालाई सुदृढ गरिनेछ। सर्ने तथा नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि नियमित स्क्रिनिङ, स्वास्थ्य परीक्षण, स्वास्थ्य प्रवर्धन तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

३८. महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाको क्षमता अभिवृद्धि गर्दै मासिक यातायात सुविधा परिचालन तथा सेवा निवृत्तिमा आर्थिक सम्मानसहित स्वयमसेविका कोषलाई निरन्तरता दिइनेछ।

३९. गर्भवती तथा सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिंदै पोषण सहायता, नवजात शिशुका लागि न्यानो कपडा तथा सुरक्षित मातृत्वका लागि बर्थिङ सेन्टरहरूलाई व्यवस्थित गरिनेछ।

४०. विद्यालय तथा समुदायस्तरमा स्वास्थ्य, पोषण र सरसफाइसम्बन्धी सचेतना, निःशुल्क औषधीको नियमित आपूर्ति सुनिश्चित गर्दै स्वास्थ्य संस्थाहरूमा संक्रामक रोग पहिचान, आपतकालीन उपचार, आवश्यक औषधी, उपकरण तथा स्वास्थ्यकर्मी तालिमको व्यवस्था गरिनेछ।

४१. स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ तथा गाउँघर क्लिनिकमार्फत गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवाको निरन्तरता दिदै  सासिङटारमा अस्थायी सामुदायिक स्वास्थ्य इकाइ र धाप स्वास्थ्य चौकीमा बर्थिङ् सेन्टर स्थापना गरिनेछ।

४२. **"जीवनका लागि स्वच्छ पानी"** भन्ने मूल नाराका साथ सङ्घीय तथा प्रदेश सरकारको साझेदारीमा खानेपानी आयोजनाहरूको सञ्चालन तथा विस्तार गरिनेछ।

४३. गाउँपालिकावासीका लागि खानेपानी स्रोत व्यवस्थापन, पाइपलाइन मर्मत, आयोजना निर्माण तथा सञ्चालनका लागि सङ्घीय तथा प्रदेश सरकारसँग बजेट व्यवस्थापनका लागि पहल गरिनेछ।

४४. फोहोरमैला व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि गर्न बजार तथा ग्रामीण क्षेत्रको सरसफाइका लागि गाउँपालिका, निजी क्षेत्र र स्थानीयवासीहरूको सहकार्यमा नीति निर्माण तथा कार्यक्रम सञ्चालन गरिनेछ।

४५. सङ्कलित फोहोरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट व्यवस्थापन गरिनेछ। साथै ल्याण्ड फिल्ड साइट निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

४६. महिला तथा लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलता नीति अवलम्बन गर्दै छुवाछुत, भेदभाव, कुरीति तथा सामाजिक विकृति न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिनेछ। साथै महिला, दलित, आदिवासी/जनजाति, अल्पसंख्यक तथा पछाडि परेका समुदायको क्षमता विकास, नेतृत्व प्रवर्धन र सामाजिक-आर्थिक सशक्तीकरणमा जोड दिइनेछ।

४७. बाल संरक्षण, विकास र सहभागिता सुनिश्चित गर्दै गाउँपालिकालाई बालश्रममुक्त बनाउने तथा क्रमशः सबै वडालाई बालमैत्री वडा घोषणा गरिनेछ । साथै बाल क्लब र महिला सञ्जालजस्ता संस्थागत संरचना सुदृढ गरिनेछ।

४८. समयमानै व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई प्रभावकारी बनाउदै लगिनेछ ।सम्बन्धित वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४९. ज्येष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिको सम्मान, सुरक्षा र स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्दै आवश्यक सेवा, परिचयपत्र तथा सहायता कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५०. साकेवा-सिरवानी-तितरे लगायत गाउँपालिकाका प्रमुख सडकहरुको स्तरोन्नति गर्ने कार्य गरिनेछ । साथै सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा पूर्वाधार विकासका कार्य गरिनेछ।

५१. अन्य ग्रामीण सडकहरूको निर्माण, मर्मत र विस्तारलाई निरन्तरता दिँदै कच्ची सडकलाई क्रमशः ग्राभेल र ग्राभेल सडकलाई स्तरोन्नति गरिनेछ।

५२. झोलुङ्गे तथा मोटरेबल पुल निर्माणका लागि पहल गरिनेछ र साना कल्भर्ट निर्माणलाई प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ।

५३. उपभोक्ता समितिमार्फत सञ्चालन हुने आयोजनामा लागत तथा श्रम सहभागिता प्रणालीलाई निरन्तरता दिँदै अनुगमन, सार्वजनिक परीक्षण र गुणस्तर सुनिश्चितता कडाइका साथ लागु गरिनेछ।

५४. प्रत्येक वडाको मुख्य सडकलाई मूल पूर्वाधार सडकका रूपमा विकास गर्दै लगिनेछ । साथै, सबै भौतिक संरचनालाई अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री, वातावरणमैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइदै लगिनेछ। सुलभ यातायात, सुरक्षित पूर्वाधार र सन्तुलित विकासमार्फत समृद्ध गाउँपालिका निर्माण गरिनेछ।

५५. घर नक्सा पास प्रणालीलाई प्रभावकारी रूपमा लागु गर्दै भूकम्प प्रतिरोधी, सुरक्षित र वातावरणमैत्री भवन निर्माणलाई प्रोत्साहन गरिनेछ र निर्माणकर्मीहरूको क्षमता विकास गरिनेछ।

५६. घर नम्बर, बस्ती तथा सडक नामाकरण, जनसङ्ख्या अभिलेख र नक्साङ्कन कार्यलाई व्यवस्थित गर्दै लगिनेछ ।

५७. भूमि बैंक स्थापना, भूमिहीन तथा सुकुम्वासीको व्यवस्थापन, जोखिमयुक्त बस्ती स्थानान्तरण, सुरक्षित नागरिक आवास कार्यक्रम तथा सार्वजनिक सम्पदा संरक्षण, अतिक्रमण नियन्त्रण र वृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

५८. सुरक्षित आवास, व्यवस्थित बस्ती र दिगो भू-उपयोगमार्फत समुन्नत गाउँपालिका निर्माण गरिनेछ।

५९. सहिदभूमि गाउँपालिकाका सम्भावित क्षेत्रमा प्रदेश सरकार, नेपाल विद्युत प्राधिकरण तथा विकास साझेदार संस्थासँग सहकार्य गरी सौर्य तथा नवीकरणीय उर्जाको उत्पादन र उपयोग विस्तार गरिनेछ।

६०. विद्युत पहुँच नपुगेका बस्तीहरूमा नवीकरणीय उर्जा तथा विद्युतीकरण कार्यक्रम सञ्चालन गर्दै सबै नागरिकको उर्जा पहुँच सुनिश्चित गरिनेछ।

६१. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरूलाई पारदर्शी बनाउन कार्यालयको वेबसाइट, मोबाइल एप तथा सूचना तथा सञ्चार माध्यममार्फत प्रभावकारी रुपमा सूचना प्रवाह गरिनेछ।

६२. सूचना प्राविधीमैत्री गाउँपालिका निर्माणका लागि इन्टरनेट सुविधा नपुगेका क्षेत्रमा निजी क्षेत्रसँगको साझेदारीमा इन्टरनेट विस्तार योजना सञ्चालन गरिनेछ।

६३. स्थानीय आवश्यकता र सम्भावनामा आधारित नवप्रवर्तन, प्रविधि तथा सिर्जनात्मक अभ्यासलाई प्रवर्धन गर्दै सेवा प्रवाह, सुशासन र विकासलाई प्रभावकारी बनाइनेछ। साथै, युवा तथा उद्यमीहरूको सहभागितामा नवप्रवर्तनमैत्री वातावरण निर्माण गरी समाधानमुखी नवीन कार्यहरूलाई प्रोत्साहन गरिनेछ।

६४. कोशी प्रदेश सरकार तथा सरोकारवाला संस्थासँग समन्वय गरी आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६५. गाउँपालिका र वडास्तरमा विपद् व्यवस्थापनको लागि स्वयमसेवक परिचालन गर्दै उद्धार, राहत र पुनर्स्थापनाका लागि आवश्यक जनशक्ति तथा सामग्रीको प्रभावकारी व्यवस्थापन गरिनेछ।

६६. स्थानीय विपद् व्यवस्थापन कोष सुदृढ गर्दै पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यक्रम सञ्चालन गरिनेछ।

६७. सौर्य उर्जा, गोबर ग्यास, सुधारिएको चुलो र इन्डक्सन चुलो प्रवर्धन गर्दै धुँवामुक्त घर अभियान सञ्चालनका साथै वन, नदी, खानी र जडीबुटी लगायत प्राकृतिक स्रोतहरूको दिगो उपयोग गर्दै जैविक विविधता संरक्षण गरिनेछ।

६८. सुरक्षित, हरियाली र दिगो वातावरणमैत्री गाउँपालिका निर्माण गर्ने हाम्रो साझा लक्ष्य हुनेछ।

६९. जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकासका लागि तालिम, अध्ययन-अवलोकन र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ। सेवा प्रवाहलाई प्राविधीमैत्री, छिटो, पारदर्शी र "मुस्कानसहित सेवा" अवधारणाअनुसार सेवाग्राहीमैत्री बनाइनेछ।

७०. १ नं वडा कार्यालयको भवन निर्माण र वडा कार्यालय तथा विषयगत शाखाहरूको संस्थागत सुदृढीकरण गर्दै प्रभावकारी सेवा विस्तार गरिनेछ।

७१. ई-गभर्नेन्स, विद्युतीय हाजिरी, डिजिटल अभिलेखीकरण तथा सफ्टवेयर प्रणालीमार्फत सेवा प्रवाहलाई सुदृढ बनाइनेछ।

७२. तथ्याङ्क व्यवस्थापन, गाउँ प्रोफाइल अद्यावधिक तथा सूचना प्रवाहलाई व्यवस्थित गर्दै सुशासनलाई मजबुत बनाउदै लगिनेछ।

७३. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा समीक्षा प्रणालीमार्फत पारदर्शिता, जवाफदेहिता र सुशासनको प्रवर्धन गरिनेछ।

७४. मेलमिलाप समिति, टोल विकास संस्था तथा समुदायको सहभागिता सुदृढ गर्दै उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी, शिक्षकलाई प्रोत्साहन गरिनेछ ।

७५. प्रविधिमैत्री, पारदर्शी, उत्तरदायी र जनमुखी शासनमार्फत सुशासित गाउँपालिका निर्माण गरिनेछ।

७६. उपलब्ध स्रोत-साधन र आर्थिक अवस्थाअनुसार यथार्थपरक तथा लचक बजेट निर्माण गर्दै दिगो वित्तीय स्रोत पहिचान गरिनेछ।

७७. करको दायरा विस्तार, वित्तीय सुशासन, कर चुहावट नियन्त्रण तथा करदातामैत्री, सरल र पारदर्शी कर प्रणाली विकास गरिनेछ। कर सङ्कलन प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।

७८. आन्तरिक आय वृद्धि गर्न व्यवसाय दर्ता अभियान, करदाता शिक्षा, घुम्ती शिविर तथा उत्कृष्ट करदाता सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

**दिगो विकास लक्ष्य (SDGs) को स्थानीयकरण नीति**

**वि.सं. २०८७ (सन् २०३०) सम्म दिगो विकास लक्ष्य हासिल गर्न गाउँपालिकाले निम्न प्राथमिकता अपनाउनेछः**

**क.** गरिबी तथा भोकमरी अन्त्य गरी खाद्य सुरक्षा र दिगो कृषि प्रवर्धन गर्ने।

**ख.** गुणस्तरीय स्वास्थ्य सेवा, सरसफाइ, औषधी व्यवस्थापन तथा जनस्वास्थ्य सचेतना विस्तार र सबैका लागि समावेशी, समान र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने।

**ग.** लैङ्गिक समानता तथा महिला-बालबालिका सशक्तीकरणमा विशेष जोड दिइने।

**घ.** स्वच्छ खानेपानी, सरसफाइ र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने।

**ङ.** रोजगारी सिर्जना, उद्यमशीलता र समावेशी आर्थिक विकास प्रवर्धन गर्ने।

**च.** पूर्वाधार विकास, यातायात, हरियाली क्षेत्र र फोहोर व्यवस्थापनको दिगो विकास गर्ने।

**छ.** जलवायु परिवर्तन न्यूनीकरण तथा वातावरण संरक्षणका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

**"समृद्ध, समावेशी, स्वस्थ र दिगो विकास मैत्री गाउँपालिका निर्माणमा हाम्रो साझा प्रतिबद्धता हुनेछ।"**

**सभा सदस्यज्यूहरू,**

**अन्त्यमा,** राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सामुदायिक तथा सामाजिक सङ्घसंस्था, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत गाउँपालिकावासी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइ एवम् नीति तथा कार्यक्रम तर्जुमामा योगदान गर्नुहुने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दछु । साथै, सबै पक्षको सकारात्मक सहयोगबाट सहिदभूमि गाउँपालिकाको समग्र विकास, सुशासन, सामाजिक न्याय र समृद्धिको साझा लक्ष्य हासिल हुने विश्वास लिएको छु।

आर्थिक वर्ष २०८३/०८४ को यस नीति तथा कार्यक्रमले भौतिक पूर्वाधार विकास, कृषि उत्पादनमा अभिवृद्धि, आर्थिक वृद्धि, सामाजिक विकास, गुणस्तरीय सेवा प्रवाह, सुशासन प्रवर्धन तथा नागरिक जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउने अपेक्षा गरिएको छ। साथै, दोस्रो गाउँसभाको नवौं अधिवेशनको पहिलो बैठकलाई गरिमामय बनाउन उपस्थित सम्पूर्ण महानुभावप्रति धन्यवाद व्यक्त

गर्दै नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि निरन्तर सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद।

**जय सहिदभूमि,**

विक्रम सम्वत् २०८३ साल जेष्ठ २९ गते **शुक्रवार**
नेपाल सम्वत् ११४६, अनालागा द्वादशी